आकाशवाणी समाचार- नेपाली
मितिः २६ जनवरी २०२६
समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- **भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा गृहमन्त्री अमित शाह आगामी ३१ जनवरी सिलगुडीको भ्रमणमा आउनुहुनेछ ।**

- **भारतीय जनता पार्टीका राष्ट्रिय अध्यक्ष नितिन नवीनले बर्ष २०२६ को विधानसभा चुनावमा पश्चिम बंगालमा भाजपाको जित निश्चित रहेको बताउनु भएको छ।**

- **निर्वाचन आयोगले पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षणमा संलग्न अधिकारीहरूको स्थानान्तरणको विषयमा कडा अडान लिएको छ।**

- **निर्वाचन आयोगले तृणमूल कांग्रेसलाई आगामी २ फरवरी दिउँसो ४ बजे दिल्लीस्थित निर्वाचन आयोगको कार्यालयमा उपस्थित हुन आमन्त्रित गरेको छ।**

- **पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले राज्यमा औद्योगिक विकासलाई बढावा दिने तर खेतीयोग्य जमिन कुनै पनि हालतमा प्रयोग नगरिने बताउनु भएको छ ।**

**आगामी विधानसभा -केंद्रीय गृह मंत्री -सिलगडी**

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा गृहमन्त्री अमित शाह आगामी ३१ जनवरीमा सिलगुडीको भ्रमणमा आउनुहुनेछ । भ्रमण कुनै सार्वजनिक भेला वा रोड शोका लागि नभई पार्टी संगठनलाई बलियो बनाउन एक विशेष बैठकका लागि हुनेछ। यो महत्वपूर्ण बैठक ३१ जनवरीमा दिउँसो ३ बजे बागडोगराको गोसाइँपुर एयरपोर्ट अथोरिटी मैदानमा बस्दैछ। बैठकको सम्पूर्ण जिम्मेवारी सिलगुडी संगठनात्मक जिल्ला भाजपा कमिटीलाई दिइएको छ। बैठकमा उत्तर बंगालका तीन प्रशासनिक जिल्ला र दुई संगठनात्मक जिल्लाका भाजपा कार्यकर्ताहरूले भाग लिनेछन ।बैठकमा दार्जिलिङ, सिलिगुडी, जलपाइगुढी, अलिपुरद्वार र कुचबिहारका सबै स्तरका कार्यकर्ताहरुको उपस्थिति हुने बताइएको छ। भाजपा सुत्र अनुसार बुथ अध्यक्ष देखि जिल्ला कमिटीका सदस्यसम्म सबै पदाधिकारी र सक्रिय कार्यकर्तालाई बैठकमा बोलाइएको छ। यस बैठकमार्फत पार्टी नेतृत्वको ध्यान निष्क्रिय नेता र कार्यकर्तालाई पुनः सक्रिय बनाउनमा केन्द्रित हुनेछ। यसका साथै संगठनको वर्तमान अवस्थाको विस्तृत समीक्षा गरिनेछ। केन्द्रीय गृहमन्त्री अमित शाहले व्यक्तिगत रूपमा संगठनात्मक संरचनाको मूल्यांकन गर्नुहुनेछ अनि आगामी विधानसभा चुनावका लागि बुथ-स्तरीय चुनावी रणनीतिमा स्पष्ट निर्देश दिनुहुनेछ।

**भारतीय जनता पार्टी -राष्ट्रीय अध्यक्ष नितिन नवीन - रानीगंज**

भारतीय जनता पार्टीका राष्ट्रिय अध्यक्ष नितिन नवीनले हिज पश्चिम बर्दवान जिल्लाका सात विधानसभा निर्वाचन क्षेत्रहरूलाई लिएर रानीगञ्ज स्पोर्ट्स एसेम्बली मैदानमा एक महत्त्वपूर्ण संगठनात्मक बैठक गर्नुभयो। उहाले बर्ष २०२६ को विधानसभा चुनावमा पश्चिम बंगालमा भाजपाको जित निश्चित रहेको बताउनु भएको छ । उहाले बंगालको संस्कृतिमा क्लबले महत्वपूर्ण भूमिका खेलेको बताउनुहुदै कार्यकर्ताहरुलाई सिधै स्थानीय क्लबका पदाधिकारी र सदस्यसम्म पुगेर जनचेतना विकास गर्न निर्देशन दिनुभएको छ । उहाले प्रत्येक बुथ तहमा महिनामा चार÷पाँच बैठक बसेर कार्यसूची तयार गरी पुसमीक्षा गर्न निर्देश

दिनुभएको छ । उहाले महिला मोर्चालाई घर-घरमा गएर महिला मतदाताहरूसँग बातचीत गर्न पनि आग्रह गर्नुभयो। कार्यक्रममा प्रदेश अध्यक्ष अमित भट्टाचार्य, प्रदेश प्रभारी सुनिल बंसल, बिहारका स्वास्थ्य मन्त्री मंगल पाण्डे, पार्टीको आईटी सेलका राष्ट्रिय प्रभारी अमित मालवीय, छत्तीसगढ संगठन सचिव पवन सहाय, कृष्णेन्दु मुखर्जी, सभापति सिंह, पवन सिंहको उपस्थिति रहेको थियो ।

**निर्वाचन आयोग तृणमूल कांग्रेस**

निर्वाचन आयोगले तृणमूल कांग्रेसलाई आफ्नो पक्ष राख्न समय दिएको छ। निर्वाचन आयोगले पार्टीलाई आगामी २ फरवरी दिउँसो ४ बजे दिल्लीस्थित निर्वाचन आयोगको कार्यालयमा उपस्थित हुन आमन्त्रित गरेको छ। आधिकारिक सुत्र अनुसार निर्वाचन आयोगले यस सम्बन्धमा तृणमूल कांग्रेस प्रमुख ममता बनर्जीलाई पत्र लेखेर यसको जानकारी दिएको छ। कोलकाता स्थित सुत्र अनुसार मुख्यमन्त्री ममता बनर्जीले सोमबार दिल्ली भ्रमण गर्ने कार्यक्रम रहेको छ। उहासँगै पार्टीका अखिल भारतीय महासचिव अभिषेक बनर्जीसहित धेरै सांसदहरू पनि सहभागी हुनेछन्। यसबाहेक, मतदाता सूचीको विशेष गहन संशोधन (एसआईआर) सँग सम्बन्धित कथित समस्याका कारण मृतकका परिवारका केही सदस्यहरू पनि तृणमूलको प्रतिनिधिमण्डलमा सामेल हुने सम्भावना छ।

**पश्चिम बंगाल - मुख्यमंत्री ममता बनर्जी - सिंगूर**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले आज सिंगुरमा आयोजित एक सरकारी र राजनीतिक कार्यक्रममा राज्यमा औद्योगिक विकासलाई बढावा दिने तर खेतीयोग्य जमिन कुनै पनि हालतमा प्रयोग नगरिने बताउनु भएको छ । मुख्यमन्त्रीले भन्नुभयो, रोजगार सृजन राज्य सरकारको प्राथमिकता हो र यसै उद्देश्यका साथ सिंगुरमा आठ एकड जमिनमा औद्योगिक पार्क विकास गरिएको छ। सभालाई सम्बोधन गर्नुहुदै मुख्यमन्त्री ममता बनर्जीले सिंगुर भूमि आन्दोलनको पृष्ठभूमिको उल्लेख गर्नुहुदै कृषकहरूको भूमि बचाउन वर्षौंसम्म संघर्ष गरेकी बताउनु भयो। सन् २००६ को आन्दोलन र २६ दिने अनशनको स्मरण गर्नुहुदै उहाले– राज्य सरकार कृषक अनि स्थानीय जनताको हितको रक्षा गर्दै विकासको बाटोमा अघि बढ्ने बताउनु भएको छ ।

**निर्वाचन आयोग - पश्चिम बंगाल**

निर्वाचन आयोगले पश्चिम बंगालमा मतदाता नामावलीको विशेष गहन पुनरीक्षणमा संलग्न अधिकारीहरूको स्थानान्तरणको विषयमा कडा अडान लिएको छ। आयोगले राज्य सरकारलाई मतदाता सूची पर्यवेक्षक ई.आर.ओ. को रूपमा नियुक्त तीन आईएएस अधिकारीहरूको स्थानान्तरण आदेश फिर्ता लिन भनेको छ। किनभने, यी सरुवा निर्वाचन आयोगको सहमति बिना नै गरिएका थिए । निर्वाचन आयोगले राज्य क्याडर का अन्य मतदाता सुची पर्यवेक्षकहरूलाई कुनै दबाब र भयबिना आफ्नो काम गर्न सक्षम पार्ने उद्देश्यले यो कदम चालेको बताएको छ। आयोगले २८ नोभेम्बरमा कोलकातासहित राज्यका २४ जिल्लाका लागि बङ्गाल क्याडरका १२ आईएएस अधिकारीहरूलाई मतदाता सूची पर्यवेक्षकको रूपमा नियुक्त गरेको थियो। तर, राज्य सरकारले तीमध्ये तीन अधिकारीको सरुवा गरेको छ। सरुवा भएका अधिकारीहरूमा पश्चिम र पूर्वी बर्धमान र वीरभूमका ईआरओ स्मिता पाण्डे; रणधीर कुमार, उत्तर 24-परगना र उत्तरी कोलकाताका ईआरओ; र अश्विनीकुमार यादव, उत्तर र दक्षिण दिनाजपुरका ईआरओ। निर्वाचन आयोगले स्पष्ट पारेको छ कि यी अधिकारीहरू ईआरओको रूपमा नियुक्त भएपछि, उनिहरू आयोगमा प्रतिनियुक्त हुन्छन्, त्यसैले उनीहरूलाई सरुवा गर्नु अघि निर्वाचन आयोगको सहमति लिनु अनिवार्य थियो।

**अखिल भारतीय ग्राहक पंचायत (एबीजीपी) मीडिया कॉन्क्लेव–2026**

अखिल भारतीय ग्राहक पञ्चायत ए.बी.जी.पी द्वारा आयोजित मिडिया कन्क्लेभ-२०२६ हिज कोलकाताको सत्यजित रे अडिटोरियममा सफलतापूर्वक सम्पन्न भयो। कार्यक्रममा सञ्चार क्षेत्र, सामाजिक संस्था र उपभोक्ता हितका ४०० भन्दा अधिक प्रतिनिधिहरुको सहभागिता रहेको थियो। राष्ट्रिय गीत 'वन्दे मातरम' बाट कार्यक्रम सुरु भएको थियो भने शान्ति मन्त्र शान्तिका साथ समापन भएको थियो । पंकज कुमार रायले आफ्नो सम्बोधनमा अखिल भारतीय ग्राहक पञ्चायतको आवश्यकतामाथि प्रकाश पार्नुभयो र मिडिया कन्क्लेभको दृष्टिकोण, उद्देश्य र सामाजिक महत्वलाई जोड दिनुभयो। यस अवसरमा राष्ट्रिय स्वयंसेवक संघका

अखिल भारतीय प्रचार प्रमुख सुनील अम्बेकरले औपचारिक रूपमा 'ग्राहक जागरण' युट्युब, इन्स्टाग्राम र एक्स ह्यान्डलहरू को सुरुवात गर्नुभयो। बंगाली पोर्टल र फेसबुक पेज 'ग्राहक जागरण' सुरु भइसकेको छ।

**भारतीय प्रौद्योगिकी संस्थान**

भारतीय प्रौद्योगिकी संस्थान (आईआईटी) खडगपुरको कृषि र खाद्य अभियांत्रिकी विभाग ए.जी.एफ.ई को तत्वावधानमा ३० जनवरीदेखि १ फरवरी २०२६ सम्म "एग्री-एक्सपो 2026 : प्रौद्योगिकी एवं मशीनरी प्रदर्शनको आयोजना हुनेछ। कौशल विकास, आधुनिक तकनिकको विकास र कृषि क्षेत्रमा उद्यमशीलतालाई बढावा दिने उद्देश्यले सो कार्यक्रम आयोजना गर्न लागिएको हो। आइआइटी खडगपुरले आज विज्ञप्ति जारी गर्दै कार्यक्रमबारे जानकारी दिएको हो। यस कार्यक्रमले कृषक ग्रामीण युवा र कृषि उद्यमीहरूलाई आधुनिक तकनिकहरू बुझ्न र अपनाउन प्रभावकारी मंच प्रदान गर्नेछ। यस कार्यक्रममा पश्चिम बङ्गाल लगायत छिमेकी राज्यहरूका प्रगतिशील किसानहरू, ग्रामीण युवाहरू र कृषि उद्यमीहरूले भाग लिनेछन।

***** ० ****